13.10.2025

प्रमुख समाचार

- बिहार चुनाउको पहिलो चरणका लागि EVM र VVPAT-को जाँचको पहिलो चरण पूरा
- सड़क परिवहन तथा राजमार्ग मन्त्रीले भन्नुभयो, भारत जैव ईन्धनको क्षेत्रमा विश्वको नेतृत्व गर्न तयार
- अश्विनी वैष्णवले गर्नुभयो गुजरातमा निर्माणाधीन बिलिमोरा बुलेट ट्रेन स्टेशनको भ्रमण
- केरलमा, अमीबिक इन्सेफेलाइटिसबाट अझ एउटा मृत्युको पुष्टि अनि
- भारत कृत्रिम बुद्धिमता प्रभाव शिखर सम्मेलनअन्तर्गत तीन वैश्विक प्रभाव चुनौतिहरूका लागि आवेदन आमन्त्रित

**EC EVM-VVPAT**

निर्वाचन आयोगले भनेको छ, बिहार विधानसभा चुनाउको पहिलो चरणका लागि इलेक्ट्रोनिक भोटिङ मसिन र **VVPAT**-को जाँचको पहिलो चरण पूरा भएको छ। आयोगले भनेको छ, राष्ट्रिय र राज्य स्तरका मान्यता प्राप्त राजनीतिक दलहरूका प्रतिनिधिहरूको उपस्थितिमा जिल्ला निर्वाचन अधिकारीहरूले यो प्रक्रिया पूरा गरे। आयोगले भनेको छ, **EVM** र **VVPAT**-हरू राष्ट्रिय र राज्य स्तरका मान्यता प्राप्त राजनीतिक दलहरूका प्रतिनिधिहरूको उपस्थितिमा सम्बन्धित विधानसभाका स्ट्रङ रूममा राखिने छ। यो सूची सबै उम्मेदवारहरूलाई पनि साझा गरिनेछ।

यसैक्रममा, प्रशान्त किशोर नेतृत्वाधिन जन सुराज पार्टीले  बिहार विधानसभा चुनाउका लागि पैंसटजना उम्मेदवारहरूको आफ्नो दोस्रो सूची जारी गरेको छ। यसअघि पार्टीले एकाउनजना उम्मेदवारको नाम जारी गरेको थियो।

पटनामा आयोजित संवाददाता सम्मेलनमा नयाँ सूचीको घोषणा गर्दै पार्टी संस्थापक प्रशान्त किशोरले भन्नुभयो, उम्मेदवारहरूको चयनमा समाजका सबैवर्गलाई प्रतिनिधित्व दिइएको थियो।

--------------------------------------X--------------------------------------

**Nitin Gadkari Puducherry**

सड़क परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले भन्नुभएको छ, भारत जैव ईन्धनको क्षेत्रमा विश्वको नेतृत्व गर्न तयार छ। श्री गडकरीले पुडुचेरीमा आज तीनवटा राष्ट्रिय राजमार्ग परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुभयो। उहाँले भन्नुभयो, देशमा इलेक्ट्रिक वाहन उद्योग वर्ष 2014-को चौध लाख करोड़ रूपियाँबाट बढ़ेर वर्तमानमा बाहीस लाख करोड़ रूपियाँको भएको छ।
श्री गडकरीले एक हजार पाँच सय अठासी करोड़ रूपियाँको लागतमा बनिएको राष्ट्रिय राजमार्ग बत्तीसको अड़्तीस किलोमीटर लामो चार लेन भएको पुडुचेरी-पून्डियाँकुप्पम खण्डको लोकार्पण गर्नुभयो। उहाँले राष्ट्रिय राजमार्ग बत्तीसमा इन्दिरा गान्धी स्क्वायर र राजीव गान्धी स्क्वायरबीच चार सय छत्तीस करोड़ रूपियाको लागतमा चार किलोमीटर लामो एलिवेटड करिडोरको पनि आधारशिला राख्नुभयो। 25 करोड़ रूपियाँको निवेशमा ईस्ट कोस्ट रोडको चौध किलोमीटर लामो भागको सुधार कार्यको पनि शिलान्यास गरियो।

--------------------------------------X--------------------------------------

**Gujarat Ashwini Vaishnav**

रेल मन्त्री अश्विनी वैष्णवले आज गुजरातमा निर्माणाधीन बिलिमोरा बुलेट ट्रेन स्टेशनको भ्रमण गर्नुभयो। यो स्टेशन मुम्बई-अहमदाबाद बुलेट ट्रेन परियोजनाको एउटा अहम भाग हो। उहाँले स्टोशनको निर्माण कार्य र ट्र्याक बिछ्याउने प्रगतिको समीक्षा गर्नुभयो। श्री वैष्णवले संवाददाताहरूसित कुरा गर्दै भन्नुभयो...
मुम्बई-अहमदाबाद बुलेट ट्रेन परियोजना देशको पहिलो पाँच सय आठ किलोमीटर हाई-स्पीड रेल करिडोर हो। यस परियोजनाले महत्त्वपूर्ण उपलब्धी हासिल गरेको छ, जसमा तीन सय पच्चीस किलोमीटर लामो पुल, चार सय किलोमीटर लामो घाटको निर्माण र धेरै पुल तथा सुरूङको निर्माण समावेश छ।

--------------------------------------X--------------------------------------

**President-Ladakh**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा लद्दाखका महिलाहरू र वृद्धहरूको एउटा समूहसित भेट गर्नुभयो। उहाँले एउटा सोशल मिडिया पोस्टमा भन्नुभएको छ, यो समूह राष्ट्रिय एकता यात्राअन्तर्गत राष्ट्रपति भवन आएको थियो।

--------------------------------------X--------------------------------------

**Kerala-brain disease**

केरलमा, अमीबिक इन्सेफेलाइटिस नामक दुर्लभ र घातक मस्तिष्क संक्रमणबाट अझ एउटा मृत्युको पुष्टि भएको छ। बिरामीको तिरुवनन्तपुरम मेडिकल कलेज अस्पतालमा उपचार भइरहेको थियो। वर्तमानमा, यसै अस्पतालमा सत्रजना बिरामीहरूको उपचार चलिरहेछ। यो बीमारी दूषित पानीमा पाइने मुक्त अमीबा नामको सूक्ष्म जीवबाट हुँदछ।

पछिल्लो डेढ महिनामा, केरलमा यस बिमारीबाट पन्द्रजनाको ज्यान गइसकेको छ। यस स्थितिलाई ध्यानमा राख्दै राज्यको स्वास्थ्य विभागले सावधानी बढ़ाएको छ। स्वास्थ्य विभागले मानिसहरूसित केवल क्लोरीनयुक्त पानीको उपयोग गर्ने, मैला पोखरी र जलाशयमा डुबुल्की नलगाउने अनि ननुहाउने सल्लाह दिएको छ।

---------------------------------------X---------------------------------------

**Government - AI conference**

सरकारले भारत कृत्रिम बुद्धिमता प्रभाव शिखर सम्मेलन 2026-अन्तर्गत तीन वैश्विक प्रभाव चुनौतिहरूका लागि आवेदन आमन्त्रित गरेको छ। यसको कुल पुरस्कार राशि पाँच करोड़ पचासी लाख रूपियाँ छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले यस वर्ष सितम्बरमा वैश्विक प्रभाव चुनौतिका लागि आवेदनको घोषणा गर्नुभएको थियो। आवेदन जमा गर्ने अन्तिम मिति एकतीस अक्टोबर हो।
वैश्विक प्रभाव चुनौति समावेशी, दायित्वपूर्ण र व्यापक मात्रामा कृत्रिम बुद्धिमता नवाचारलाई गति दिन तयार पारिएको हो। आवेदन आधिकारिक पोर्टल www.impact.indiaai.gov.in-को माध्यमबाट जमा गर्न सकिनेछ। चयनित नवाचारहरूलाई आगामी वर्ष उन्नाइसदेखि बीस फरवरीसम्म नयाँ दिल्लीमा भारत कृत्रिम बुद्धिमता प्रभाव शिखर सम्मेलन 2026-मा प्रदर्शित गरिनेछ।

---------------------------------------X---------------------------------------

**Mongolia President – India**

मंगोलियाका राष्ट्रपति खुरेलसुख उखना चार दिनको भारत यात्रामा आज नयाँ दिल्ली आइपुग्नुभयो। नागरिक उड्डयन राज्य मन्त्री मुरलीधर मोहोलले विमानास्थलमा उहाँको स्वागत गर्नुभयो। मंगोलियाका राष्ट्रपतिले सलामी गार्डको निरीक्षण पनि गर्नुभयो।

मंगोलियाका राष्ट्रपतिको साथमा एउटा उच्च-स्तरीय प्रतिनिधिमण्डल पनि आएको छ। यसमा क्याबिनेट मन्त्री, सांसद, वरिष्ठ अधिकारी, व्यापारिक नेता र सांस्कृतिक प्रतिनिधि शामेल छन्। राष्ट्रपतिको रूपमा यो श्री खुरेलसुखको पहिलो भारत यात्रा हो। यसअवधि, श्री खुरेलसुखले राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गर्नुहुनेछ भने भोली प्रधानमन्त्री नरेन्द्र मोदीसित वार्ता गर्नुहुनेछ। भारत र मंगोलिया रणनीतिक साझेदार, आध्यात्मिक छिमेकी हुन्। यस यात्राबाट भारत र मंगोलियाबीच द्विपक्षीय सम्बन्धमा प्रगतिको समीक्षा गर्ने अवसर मिल्नेछ।

--------------------------------------X--------------------------------------

**Economics Nobel Prize**

यस वर्षको अर्थशास्त्रमा नोबेल पुरस्कार जोएल मोकिर, फिलिप अघियन र पीटर हविटलाई नवाचार र आर्थिक विकासमा उनीहरूको अभूतपूर्व कार्यका लागि प्रदान गरिने घोषणा गरिएको छ।
नोबेल समितिअनुसार, तीनैं अर्थशास्त्रीहरूलाई नवाचार-सञ्चालित आर्थिक विकासको व्याख्या गरेकोमा यस पुरस्कारका लागि चुनिएको हो। जोएल मोकिरले तकनीकी प्रगतिको माध्यमबाट सतत विकासका लागि आवश्यक शर्तको पहिचान गर्नमा महत्त्वपूर्ण भूमिका निभाउनुभएको छ भने फिलिप अघियन र पीटर हविटले रचनात्मक विनाशको माध्यमबाट सतत विकासको सिद्धान्तमाथि काम गर्नुभएको छ।

--------------------------------------X--------------------------------------

**Retail inflation - September**

देशको खुद्रा मुद्रास्फीति यस वर्ष सितम्बरमा घटेर एक दशमलौ पाँच-चार प्रतिशतमा आयो। यो विगत आठ वर्षमा सबैभन्दा कम हो। गत महिना यो दुई दशमलौ शून्य-सात प्रतिशत थियो। सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयको आंकड़ाअनुसार जून 2017-पछि मुद्रास्फीतिको यो सबैभन्दा कम दर हो।
अखिल भारतीय उपभोक्ता खाद्य मूल्य सूचकांकमा आधारित खाद्य मुद्रास्फीति दरमा पनि लगातार चौथो महिना गिरावट आयो। सितम्बर महिनामा यो दुई दशमलौ दुई-आठ प्रतिशतमा पुग्यो। दिसम्बर 2018-पछि खाद्य मुद्रास्फीति सबैभन्दा कम हो।

मन्त्रालयअनुसार मुद्रास्फीति र खाद्य मुद्रास्फीतिमा गिरावट मुख्य रूपमा सब्जी, तेल, फल, दाल र अन्नको मूल्यमा गिरावटका कारण आएको हो।

---------------------------------------X---------------------------------------

**Government - nomination campaign**

सरकारले कर्मचारीहरूका निम्ति सामाजिक सुरक्षा कवरेज विस्तार गर्न कर्मचारी नामांकन अभियान 2025 शुरू गरेको छ। यस अभियानको उद्देश्य नियोक्ताहरूले स्वेच्छाले पात्र कर्मचारीहरूको घोषणा र नामांकनका लागि प्रोत्साहित गर्नु हो। श्रम तथा रोजगार मन्त्रालयले भनेको छ, यो योजना यस वर्ष पहिलो नोभेम्बरदेखि आगामी वर्ष तीस अप्रेलसम्म लागू रहनेछ। मन्त्रालयले भनेको छ, नियोक्ताले ती सबै विद्यमान कर्मचारीहरूको नामांकन गर्न सक्नेछन्, जो पहिलो जुलाई 2017 र एकतीस अक्टोबर, 2025-बीच प्रतिष्ठानमा शामेल भएका छन्। मन्त्रालयले भनेको छ, यस अभियानले कर्मचारीहरूका लागि सामाजिक सुरक्षा कवरअन्तर्गत नामांकनलाई प्राथमिकता दिनेछ र नियोक्ताहरूका लागि न्यूनतम वित्तीय बोझसितै उनीहरूको पछिल्लो रिकर्डलाई नियमित गर्नमा पनि महत्त्वपूर्ण भूमिका निभाउनेछ।

---------------------------------------X---------------------------------------

**Cricket Test Match**

क्रिकेटमा, नयाँ दिल्लीमा भइरहेको टेस्ट क्रिकेटको दोस्रो खेलको चौथो दिनको म्याच पूरा हुँदासम्ममा आज भारतले एक ह्विकेटक गुमाएर तीर्सट रन बनाएको छ। West Indies-ले राखेको एक सय एक्काइस रनको लक्ष्य पछ्याइरहेको भारतका KL राहुल र साई सुदर्शन क्रिजमा छन्।

यसअघि वेस्ट इण्डीजले दोस्रो पारीमा फलो अनमा तीन सय नब्बे रन बनाउन सफल पऱ्यो। पहिलो पारीमा भारतको पाँच सय अठार रनको जवाफमा वेस्ट इण्डीजको टोली दुई सय अड्चालीस रनमा समेटियो। भारत यस श्रृंखलामा एक शून्यले अघि छ।

---------------------------------------X---------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- बिहार चुनाउको पहिलो चरणका लागि EVM र VVPAT-को जाँचको पहिलो चरण पूरा
- सड़क परिवहन तथा राजमार्ग मन्त्रीले भन्नुभयो, भारत जैव ईन्धनको क्षेत्रमा विश्वको नेतृत्व गर्न तयार
- अश्विनी वैष्णवले गर्नुभयो गुजरातमा निर्माणाधीन बिलिमोरा बुलेट ट्रेन स्टेशनको भ्रमण
- केरलमा, अमीबिक इन्सेफेलाइटिसबाट अझ एउटा मृत्युको पुष्टि अनि
- भारत कृत्रिम बुद्धिमता प्रभाव शिखर सम्मेलनअन्तर्गत तीन वैश्विक प्रभाव चुनौतिहरूका लागि आवेदन आमन्त्रित